फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी
५ नम्बर प्रदेश, नेपाल

प.सं. ०७६/०७७
चलानी नं. Ref. No

मितिः २०७६/०४/०१

**विषयः सामाजिक सुरक्षा भत्ता प्राप्तीका लागि नयाँ नाम दर्ता तथा नविकरण गर्ने सम्वन्धि सार्वजनिक सूचना ।**

यस रेसुङ्गा नगरपालिका अन्तर्गत स्थायी बसोवास गरी आएका, राज्यकोषबाट सुविधा प्राप्त नगरेका २०७७ साल फाल्गुन मसान्तसम्म ७० वर्ष उमेर पुरा गरी ७१ वर्ष लाग्ने इच्छुक जेष्ठ नागरिकहरु तथा २०७७ साल फाल्गुन मसान्तसम्म ६० वर्ष उमेर पुरा गरी ६१ वर्ष लाग्ने इच्छुक दलित जेष्ठ नागरिकहरुले अनिवार्य रुपमा २०७६ पुष मसान्त भित्र र अन्य लाभग्राही (अबिवाहित वा सम्वन्ध विच्छेद भएका ६० वर्ष पुरा गरेका एकल महिला, पतिको मृत्यु भएका जुनसुकै उमेरका विधवा महिला, रातो र निलो रंगको परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्ति र दलित सुमादायका ५ वर्ष ननाघेका वालवालिका) ले जुनसुकै समयमा सम्वन्धित वडा कार्यालयमा रितपूर्वक दरखास्त दिनु हुन सूचित गरिन्छ साथै हाल भत्ता पाइरहनु भएका लाभग्राहीहरुले आगामी आ.व. २०७७/७८ मा भत्ता लिन चाहेमा नविकरणका लागि अनिवार्य रुपमा २०७६ साल पुष मसान्त सम्ममा दरखास्त दिनु पर्नेछ । सो सूचना वमोजिम दर्ता तथा नविकरणका लागि दरखास्त नदिने लाभग्राहीहरुले २०७७ साल श्रावण महिना देखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ । थप जानकारीको लागि सम्वन्धित वडा कार्यालयमा सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत